छलफलका विषयसूचीहरु :

१) विपद्को स्थितिको समिक्षा सम्वन्धमा ।.

२) सिफारिस र खर्च समर्थन सम्वन्धमा ।

३) विविध ।

निर्णयहरु :

निर्णय नं.०१ : यस जिल्लामा विपद व्यवस्थापन्को स्थितिको समिक्षा गर्दा स्थिति सामान्य रहेको पाईयो । हालको मनसुनको समयावधीमा देखापर्ने मौसमी प्रतिकूलता र सिर्जना हुनसक्ने विपद्को अवस्थालाई दृष्टिगत गरी जिल्लास्थित सम्पुर्ण स्थानीय तहहरु, सरकारी तथा गैरसरकारी संघसंस्थाहरु र सरोकारवालाहरु विपद्को जोखिम न्युनीकरण तथा राहत र उद्धारमा थप सर्तक र तयारी अवस्थामा रहने निर्णय गरियो ।

निर्णय नं.०२ : यस जिल्ला अर्न्तगत मुसिकोट नगरपालिका वडा नं. ७ बस्ने वर्ष ६० को थलविर पाण्डेको मिति २०७६/०३/२२ गतेको चट्टयाङका कारण मृत्यु भएको हुँदा निज थलविर पाण्डेको नजिकको हकदार निजको पत्नी विष्णुकुमारी पाण्डेलाई प्रकोप पिडित उद्दार तथा राहत सम्बन्धी मापदण्ड (छैठौं संशोधन) २०७४ को २ (क) बमोजिम जिल्ला विपद व्यवस्थापन कोषबाट रु १,००,०००।- (एक लाख रुपैंया मात्र) राहत रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.०३ : यस जिल्लामा हालसम्म विपदका घटनाबाट घर पूर्ण रुपमा नष्ट भएका प्रकोप पिडितहरुलाई प्रकोप पिडित उद्दार तथा राहत सम्बन्धी मापदण्ड (छैठौं संशोधन) २०७४ को २ (क) बमोजिम ~~जिल्ला विप~~द व्यवस्थापन कोषबाट देहाय बमोजिम राहत वितरण गर्ने निर्णय गरियो ।

देहाय :-

| क्र. सं. | प्रकोप पिडितको नाम | ठेगाना | प्रकोपको किसिम | अन्दाजी क्षति | परिवार संख्या | राहत रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | खले दमाई | आठविसकोट ९ | आगलागी | १०,०४,५००।- | ८ | ५०,०००।- | रु ८,०००।- बुझेको रु ४२,०००।- उपलब्ध गराउनुपर्ने । |
| २ | टेकबहादुर खत्री | बाँफिकोट ८ | हावाहुरी | ५,५०,०००।- | ४ | ५०,०००।- | रु ५,०००।- बुझेको रु ४५,०००।- उपलब्ध गराउनुपर्ने । |
| ३ | रमिता सुनार | मुसिकोट ४ | अविरल वर्षा (बाढी पहिरो) | ५०,०००।- | १० | ५०,०००।- | रु ६,०००।- बुझेको रु ४४,०००।- उपलब्ध गराउनुपर्ने । |
| ४ | पुर्णकुमारी नेपाली | आठविसकोट ९ | अविरल वर्षा (बाढी पहिरो) | ४,००,०००।- | ५ | ५०,०००।- | रु १०,०००।- बुझेको रु ४०,०००।- उपलब्ध गराउनुपर्ने । |
| ५ | धन्जे दमाई | आठविसकोट ३ | अविरल वर्षा (बाढी पहिरो) | १,३५,९००।- | ८ | ५०,०००।- | रु १०,०००।- बुझेको रु ४०,०००।- उपलब्ध गराउनुपर्ने । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | विष्णु कुमारी बोहरा | आठविसकोट ६ | अविरल वर्षा (बाढी पहिरो) | ७,७५,०००।- | ३ | ५०,०००।- | रु १०,०००।- बुझेको रु ४०,०००।- उपलब्ध गराउनुपर्ने । |
| ७ | पतरे बोहरा | आठविसकोट ६ | अविरल वर्षा (बाढी पहिरो) | ७,००,०००।- | ५ | ५०,०००।- | रु १०,०००।- बुझेको रु ४०,०००।- उपलब्ध गराउनुपर्ने । |
| ८ | भिम बहादुर थापा | आठविसकोट ६ | अविरल वर्षा (बाढी पहिरो) | ७,००,०००।- | ७ | ५०,०००।- | रु १०,०००।- बुझेको रु ४०,०००।- उपलब्ध गराउनुपर्ने । |

निर्णय नं.०४ : निर्णय नं. ०३ मा उल्लेखित प्रकोप पिडितहरुलाई जिल्ला विपद व्यवस्थापन कोषबाट रु ५०,०००।- उपलब्ध गराउनुको अलवा विशेष परिस्थितिको सिर्जना भएको कारणले थप सहायत उपलब्ध गराउनुपर्ने देखिएको हुँदा प्रति परिवार रु ५०,०००।- (पचास हजार रुपैंया मात्र) थप राहतको लागी ~~केन्द्रिय विपद व्यवस्थापन~~ समितिमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

निर्णय नं.०५ : प्रकोप पिडित उद्दार तथा राहत सम्बन्धी मापदण्ड (छैठौं संशोधन) २०७४ को २ (ख) को प्रावधान मुताविक यस जिल्लाका प्रकोप पिडितहरुलाई जिल्ला विपद व्यवस्थापन कोषबाट तत्काल आवश्यक व्यवस्थाका लागी १० घर परिवारलाई मिति २०७६/०३/०१ देखी हालसम्म वितरित राहत रकम जम्मा रु ८३,०००।- (त्रियासी हजार रुपैंया मात्र) खर्च समर्थन गर्ने निर्णय गरियो ।